
# उपस्थित सम्पूर्णमा

# नमस्कार

# सुन्दरहरैंचा नगरपालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# परिचय

मिति २०७३ साल फाल्गुण २७ गतेको नेपाल सरकारको निर्णय बमोजिम सुन्दरहरैँचा नगरपालिकाको गठन भएको हो ।
साविक कोशीहरैँचा नगरपालिका (साविकका गाँउ विकास समितिहरुः- इन्द्रपुर, हरैँचा र मृगौलिया) र साविक सुन्दरदुलारी नगरपालिका (साविकका गाँउ विकास समितिहरुः- दुलारी र सुन्दरपुर) समायोजन भई सुन्दरहरैँचा नगरपालिका निर्माण भएको हो ।

**भौगोलिक अवस्थितिः-**

यस नगरपालिकामा १२ वटा वडाहरु रहेका छन्,
उत्तरी अक्षाशः- २६.६६ डिग्री
पूर्विय देशान्तरः- ८७.३८ डिग्रीमा अवस्थित रहेको,
क्षेत्रफल ११०.१६ बर्ग कि.मी. मा फैलिएको,
कोशी प्रदेशको राजधानी विराटनगरबाट १९ कि.मी. उत्तर तर्फ रहेकोछ,
उचाईः- समुन्द्र सतह देखि ८३ मिटर देखि १४० मिटर सम्म रहेको,

**सिमानाः**

पूर्वः- बेलबारी नगरपालिका
उत्तरः- केराबारी गाउँपालिका
पश्चिमः- इटहरी उप-महानगरपालिका
दक्षिणः- ग्रामथान गाउँपालिका र बुढी गंगा गाउँपालिका

**जनसंख्या (वि.सं. २०७८ अनुसार)**

- कुल जनसंख्याः १,२०,२१३
- महिलाको संख्याः ६३,२३२
- पुरुषको संख्याः ५६,९८१
- घरधुरी संख्याः २९,८२६

# सुन्दरहरैँचाको पहिचान:


# समृद्धि र सुशासन


# सुशासन क्षेत्र भित्रका सम्पादित मुख्य मुख्य कामहरु


- **अनलाईन मार्फत प्रदान गरिएको सेवाको संख्याः** १५ (SUtRA-लेखा/राजश्व, PAMS(सम्पति व्यवस्थापन), EMIS(शिक्षा), HMIS(स्वास्थय), ई-हाजिरी, midas(नगर अस्पताल), CCIMS (अनलाइन नागरिकता सिफारिस), दर्ता-चलानी, ई-बोलपत्र, उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाको ल.ई, सम्झौता, donidcr (सामाजिक सुरक्षा), कृषिको तथ्याङ्कको लागि कृषि नियन्त्रण प्रणाली, न्यायिक समितिमा फिरादपत्र दर्ता, अपाङ्गता परिचय पत्र, अनलाईन घर नक्सा पास/अभिलेखिकरण लगायतका सेवा,
- QR सहितको डिजिटल नागरिक वडापत्र,
- २० जना नगर प्रहरी भर्ना गरि नगरको बजार व्यवस्थापन, विपद् व्यवस्थापन, नदि जन्य पदार्थको हुन सक्ने चोरी निकासी नियन्त्रण तथा सार्वजनिक सम्पतिको संरक्षणका लगि परिचालन गर्ने  गरिएको,
- १४ औ नगर सभाबाट O & M स्विकृत गरि TOR सहित कर्मचारी व्यवस्थापन गरिएको ,
- कार्यसम्पादन सम्झौता (नगर प्रमुख र प्र.प्र.अ तथा प्र.प्र.अ र शाखा प्रमुखका बिच),
- १२ वटा मध्ये ९ वटा वडा कार्यालयहरुले आफ्नै भवनबाट  सेवा उपलब्ध गराउने गरिएको,
- १२ वटा मध्ये ११ वटा वडामा (वडा नं. ४ मा निर्माणधिन) आफ्नै भवनबाट स्वास्थ्य सेवा उपलब्ध गराउने गरिएको,

# सुशासन क्षेत्र भित्रका सम्पादित मुख्य मुख्य कामहरु

- रु. १० लाखसम्मका उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाको सम्झौता तथा भुक्तानीको सम्पूर्ण चरण सम्बन्धित वडा कार्यालयबाट हुने गरेको,
- सुन्दरहरैँचा नगरपालिकाभित्र क्रियाशील सञ्चार गृहहरूको संरक्षण र प्रवर्धन गर्ने उद्देश्यले सूचना तथा सञ्चार कार्यविधि पारित गरी लागू गरिएको,
- कार्यपालिका, नगरसभा तथा नगरद्वारा सम्पादित कार्य नियमितरुपमा वेवसाईट मार्फत सार्वजनिक गर्ने गरिएको,
- त्रैमासिक रुपमा विषयगत क्षेत्रका समितिहरुको नियमित बैठक बसी उक्त अवधिको भए गरेका कार्य तथा गरिने कार्यहरुको छलफल सहितको समिक्षा हुने गरिएको,
- सार्वजनिक सुनुवाई (वार्षिक ३ पटक), सामाजिक परिक्षण, सार्वजनिक परीक्षण, नागरिक सन्तुष्टि सर्वेक्षण, स्वतः प्रकाशन (त्रैमासिक रुपमा ४ पटक) नियमित रुपमा प्रकाशन गर्ने गरिएको ।


ऐनः १७
नियमावलीः ६
कार्यविधिः १९
निर्देशिकाः ६
मापदण्डः २
कार्यपालिका बैठकः १४२
नगर सभाः १६
विशेष नगर सभाः१


राजस्व संकलन(रु. मा)
९,६५,९६,१८१.००
१०,१०,४२,२२४.००
१०,९८,७६,६९२.००
१३,०६,९६,०३४.००
१४,५०,४२,५१५.००
२०७७/०७८
२०७८/०७९
२०७९/०८०
२०८०/०८१
२०८१/०८२
राजस्व संकलन(रु. मा)




आ.व. २०७४/०७५ देखि आ.व. २०८०/०८१ सम्म एकिकृत बेरुजुको अवस्था
(५७ करोड १७ लाख ६८ हजार ५५२)
१,०७,०४,१३८ , २%
२४,३९,४३,६४६ , ४२%
३२,७८,२४,९०६ , ५६%
आ.व. २०८१/०८२ मा फर्छयौट भएको बेरुजु
फर्छयौट हुन बाँकी रहेको बेरुजु रकम
फर्छयौटको प्रकृयामा रहेको बेरुजु रकम

# भौतिक पूर्वाधार विकास तर्फ


- ✓ विश्व बैंकको सहयोगमा वडा नं. ६, ७ र ८ मा ९.९४ कि.मी. ड्रेन सहितको उच्चस्तरिय कालोपत्रे निर्माण सम्पन्नको चरणमा रहेको (चन्द्रनगर-विश्वविद्यालय-गोठगाउँ सडक तथा महेश्वर सुब्बा मार्ग सडक),
- ✓ सुन्दरहरैँचा नगर अस्पतालको नयाँ प्रशासनिक भवन निर्माण कार्य सुरु भएको,
- ✓ नगरपालिका क्षेत्रभित्र भएर बग्ने खोलाहरूमा तटबन्धन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिँदै तटबन्धनसँगै वैकल्पिक करिडोर निर्माणका लागि आवश्यक कार्यको थालनी गरिएको,
- ✓ वन्यजन्तु प्रवाभित क्षेत्र (बाघझोडा-हसिना)मा सडक वत्ती जडान ।



# पछिल्लो तिन वर्षमा पूर्वाधार विकास तर्फ सम्पादन भएका मुख्य मुख्य कामका विवरण




# घर नक्सा पासको अवस्था



# आर्थिक विकास तर्फ

- कृषि उत्पादन नियन्त्रण प्रणाली मार्फत किसान सूचीकृत गर्ने कार्य सम्पन्न भएको। आगामी आ.व.देखि कृषिसम्बन्धी व्यावसायिक योजना, मौसम र माटो अनुकूलको कृषि बाली तथा कृषिमा गरिएको लगानीलाई अधिकतम सदुपयोग गर्नका लागि वास्तविक कृषकको पहिचान गर्न डिजिटल माध्यममा प्रविष्ट गरी सेवा प्रवाह प्रारम्भ भएको,
- सुन्दरहरैँचा-९ स्थित बुधबारे कृषि बजारलाई व्यवस्थित गरी कृषि उत्पादनलाई सहज बजारीकरण गर्न आधुनिक कृषि बजार पूर्वाधार निर्माणको कार्य सम्पन्न हुन लागेको,
- सुन्दरहरैँचा नगरपालिका वडा नं. ७ गछिया बजार क्षेत्रमा शीत भण्डार गृह निर्माण सम्पन्न गरी सञ्चालनको चरण रहेको,
- भेटेरिनरी अस्पताल निर्माण सम्पन्न भई सञ्चालनमा रहेको।

# कृ ष, पशुपन्छी र सहकारी



# पशुपन्छी सेवा तर्फका

| सि.न. | कामको विवरण | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
|---|---|---|---|---|
| १ | कुकुर बन्धयाकरण | - | - | १२७ |
| २ | पशुपन्छी खोप कार्यक्रम | गाई भैसी(खोरेत)- १८,४१६<br>लम्पीस्किन- ४५०<br>बाख्रा/भेडा पि.पि.आर.- ६२,६८३<br>बंगुर(स्वाइन फिबर)- १,१२०<br>रेबिज- ७०० | गाई भैसी(खोरेत)- २०,१८५<br>लम्पीस्किन-१००<br>बाख्रा/भेडा पि.पि.आर.- ५७,९४४<br>बंगुर(स्वाइन फिबर)- १,४२७<br>रेबिज- १,५९० | गाई भैसी(खोरेत)- १२,३८५<br>लम्पीस्किन-४,९१६<br>बाख्रा/भेडा पि.पि.आर.-३७,६१०<br>बंगुर(स्वाइन फिबर)-१,८००<br>रेबिज- ६४५ |
| ३ | कृत्रिम गर्भाधान कार्यक्रम | गाई- ४,९२१<br>भैसी- २२६<br>बाख्रा- ०९ | गाई-७,१४८<br>भैसी-२७५<br>बाख्रा-५२ | गाई-७,१०६<br>भैसी-३०३<br>बाख्रा-२२ |
| ४ | पशुपन्छी उपचार सेवा | १३,४१५ | १८,६५४ | ३६४५६ |
| ५ | गोबर परिक्षण सेवा | - | - | १२६ |
| ६ | पशुपन्छी रोग नमुना परिक्षण | ३ | ९ | १७ |
| ८ | विमा क्षतिपुर्ति सिफारिस | २५१ | ११० | ९१ |
| ९ | गोठ सुधार कार्यक्रम | १९ | १(वृदावन गौसला) | - |


# सामाजिक क्षेत्रका सम्पादित कार्यहरुः

| सि.न. | कामको विवरण | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
|---|---|---|---|---|
| १ | विपन्न नागरिकको आवास निर्माण | ५० | ५० | १३ |
| २ | नयाँ वृन्दावन गौशला गुरुकुल सञ्चालन अनुदान | ७ लाख | ७ लाख | ७ लाख |
| ३ | कृष्ण प्रणामि मन्दिर अनाथालय सञ्चालन अनुदान | ३ लाख | ३ लाख | ३ लाख |
| ४ | जेष्ठ नागरिक सम्मान/भलाकुसारी | - | ६३० | ७०० |
| ५ | अपाङ्गता परिचय पत्र वितरण | १५४ | १६३ | १५७ |
| ६ | महिलाहरुका लागि लोक सेवा/शिक्षा सेवा तयारी कक्षा | १(लाभग्राहि-५०) | - | १(लाभग्राहि-४८) |
| ७ | क्षमता विकास तथा सिप मुलक तालिम | ७ (लाभग्राहि-११७) | १७ (लाभग्राहि-२२६) | १८ (लाभग्राहि-२३८) |

# सामाजिक विकास तर्फ (शिक्षा)

- ✓ पूर्ण साक्षर नगरपालिका घोषणा गरिएको,
- ✓ सामुदायिक आधारभूत विद्यालयहरू मध्ये नमुना विद्यालय निर्माण अभियान अन्तर्गत हरेक आ.व. मा २ वटा आधारभूत विद्यालयहरू छनौट गरी भवन निर्माण र शैक्षिक अभिवृद्धि कार्यक्रम नियमित रुपमा सञ्चालन गरिएको,
- ✓ नगरपालिका र भारतीय दूतावासको साझेदारीमा वडा नं. ७ मा रहेको पञ्चायत माध्यमिक विद्यालयमा १४ कोठे विद्यालय भवन निर्माणाधीन अवस्थामा रहेको,
- ✓ कक्षा ५ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरिएको तथा कक्षा १ र कक्षा २का लागि पाठ्यपुस्तक "हामी र हाम्रो सुन्दरहरैंचा" सामुदायिक तथा संस्थागत विद्यालयहरूमा नि: शुल्क वितरण गरिएको,
- ✓ शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न विद्यालय शिक्षा ऐन, २०७९ र विद्यालय शिक्षा नियमावली, २०८१ जारी गरी ऐन बमोजिम नगर शिक्षा समिति समेत गठन गरी शैक्षिक सुधारका कार्यहरू भइरहेको,
- ✓ लामो समयदेखि अद्यावधिक हुन नसकेका सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिहरू गठन गरी प्रभावकारी रूपमा काम गर्ने वातावरण बनाइएको,
- ✓ विज्ञहरूको समूह निर्माण गरी नियमित रूपमा विद्यालय अनुगमनको व्यवस्था मिलाइएको,
- ✓ सामुदायिक विद्यालयका शिक्षकहरूको आन्तरिक सरुवा गरी दरबन्दी मिलानका कार्यहरू निरन्तर भइरहेको,
- ✓ शिक्षा उपशाखा प्रमुख र सामुदायिक विद्यालयका प्रधानाध्यापक वीच कार्य सम्पादन सम्झौता गर्ने गरिएको ।


# नगर खेलकुद विकास तर्फ




# सामाजिक विकास तर्फ (स्वास्थ्य)


- MDGP विशेषज्ञ सहितको १५ बेडको नगर अस्पताल सञ्चालनमा रहेको,
- नगर अस्पतालको सेवा केन्द्रको रूपमा स्वास्थ्य केन्द्र दुलारीबाट MBBS डाक्टर सहितको सेवा सञ्चालनमा रहेको,
- वडा नं. ३ मा आरोग्य केन्द्र स्थापना गरी सञ्चालनमा रहेको,
- मिति २०८० चैत्र १३ गते नगरपालिकालाई पूर्ण खोप पालिका घोषणा गरिएको,
- नगरपालिकालाई बाल मृत्युदरमा शून्य नगरपालिका घोषणा गरिएको,
- स्वास्थ्य संस्थामा नियमित चेकजाँच गराउने गर्भवती महिलाहरूलाई प्रसूतिका लागि अस्पतालसम्म जानका लागि निःशुल्क एम्बुलेन्स जस्तो अत्यावश्यकीय सेवा प्रदान गर्रिंदै आएको ,
- ११ ओटै स्वास्थ्य संस्थामार्फत सरल ढङ्गले गर्भवती महिलाहरूलाई मोबाइल टोलीमार्फत नि:शुल्क भिडियो एक्सरे र नगर अस्पतालबाट नियमित रुपमा भिडियो एक्सरे सेवा उपलब्ध गराइएको,

# स्वास्थय तर्फ सम्पादित कार्यहरु




नगर अस्पताल तर्फको सेवा
५००००
४५०००
४००००
३५०००
३००००
२५०००
२००००
१५०००
१००००
५०००
०
२१३४४
४०९७७
४६०३१
१८९०१
३६२४१
४२४१४
११८६
३४९७
३७८१
६४८४
११६४५
१४९४२
३७३३
५६६६
५१८०
१२९७
४२०९
५५७०
३५४
१३९९
२१०५
४४४
६५२
६५९
२०८१/०८२
२०८०/०८१
२०७९/०८०
नगर अस्पतालबाट सेवा लिने विरामी संख्या
OPD बाट सेवा लिने विरामी संख्या
इमरजेन्सीबाट सेवा लिने विरामी संख्या
ल्यावमा सेवा लिने विरामी संख्या
X-Ray सेवा लिने विरामी संख्या
USG सेवा लिने विरामी संख्या
ECG सेवा लिने विरामी संख्या
IPD बाट उपचार भएको विरामी संख्या
२०७९/०८०
२०८०/०८१
२०८१/०८२

# न्यायिक समिति




१९०
२१२
७१
१२०
१५८
४६
७०
५४
२५
७०
९८
२८
२०८१/०८२
२०८०/०८१
२०७९/०८०
जम्मा उजुरी संख्या
जम्मा फस्र्छ्यौंट
फस्र्छ्यौट हुन बाँकी
वडा मेलमिलाप केन्द्रबाट मिलापत्र भएका विवाद संख्या
२०७९/०८०
२०८०/०८१
२०८१/०८२

# नीति र राजनीति

- नेपालको संविधानमा उल्लेखित राज्यका नीति, १६ औं योजनाले तय गरेको नीति, कोशी प्रदेशको दोस्रो पञ्चवर्षिय योजना तथा दिगो विकासको लक्ष्यलाई समेत ध्यानमा राखी वार्षिक नीति तथा कार्यक्रम निर्माण गरि आफ्नो कामलाई व्यवस्थित गरि नगरपालिका अगाडि बढेको अवस्था छ,
- नीति तथा कार्यक्रम निर्माणमा सरोकारवालाहरुसँग छलफल,
- पालिकाको महत्वपूर्ण विषयहरुमा सर्वदलिय, सर्वपक्षीय छलफल र सहमती,
- अन्तरपालिका बैठक आवश्यक्ता अनुसार बस्ने गरिएको,
- छिमेकी पालिकाहरुसँग विकास निर्माण तथा रणनितिक साझेदारी/सहकार्य,
- वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गर्दा सरोकारवालाहरुसँग सार्वजनिक सूचना मार्फत सुझाव माग गरिएको,
- दलित, महिला, जनजाति, अपाङ्गता भएका व्यक्तिको नीति निर्माण तथा कार्यक्रमा अर्थ पूर्ण सहभागिता,
- संघीय सरकार, प्रदेश सरकार, भारतिय दूतावास, विश्व बैंकसँग सहकार्य गरी  पूर्वाधार विकासका ठुला आयोजनाहरू संचालन भएको,
- निर्वाचन समयमा गरिएको प्रतिवद्धता अनुसार  शिक्षा, स्वास्थ्य, कृषि, सहकारी, प्रविधि, पूर्वाधार लगायतका चौतर्फी विकासको मोडलको आत्मसाथ गरिएको,
- खुला छलफलको अभ्यास ।

# वन, वातावरण तथा वपद् व्यवस्थापनसँग सम्बन्धित उपलब्धिहरुः



# अबको सुन्दरहैँचा

- प्रशासनलाई प्रविधि मैत्री, जनमुखी, जवाफदेही, पारदर्शी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल नागरवासीलाई उपलब्ध गराउन, कानूनको शासन, चुस्त प्रशासन, अधिकारको प्रत्यायोजन, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन  गरी  नागरिकलाई छिटो छरितो र गुणस्तरीय सेवा उपलब्ध गराउनु अबको लक्ष्य हुनेछ,
- स्थानीय राजस्वलाई व्यवस्थित गर्न जग्गा प्रशासनलाई digitize गरि मालपोत, नापी र स्थानीय सरकार विच तालमेल मिलाउने कार्य विश्व बैंकको सहयोगमा अगाडी बढाइने छ,
- आधारभूत तथा माध्यमिक शिक्षालाई गुणस्तरयुक्त बनाउन वृहत विद्यालय अवधारणा अन्तर्गत विद्यार्थीको संख्याको आधारमा विद्यालय समायोजन तथा  मर्ज गरिने कार्य गरिने छ,
- जनशक्ती तथा पुर्वाधारलाई व्यवस्थापन गरि प्रविधिमैत्री बनाउदै शिक्षाको गुणस्तर वृद्धि गर्दै लगीने छ,
- सुकुना मा.वि. लाई School of excellence को रुपमा विकास गरिने छ,
- सुकुना बहुमुखी क्याम्पसमा autonomous कार्यक्रमहरु सञ्चालन गर्दै UGC को QAA  तेस्रो चरण पछि deam universityको धेयका साथ अगाडी बढाउन प्रोत्साहन गरिने छ,
- सामुदायिक तथा संस्थागत विद्यालयलाई संघिय शिक्षा ऐन, प्रदेश शिक्षा ऐनको प्रतिकुल नहुने गरि प्राविधिक र गुणस्तरीय शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्न प्रोत्साहित गरिने छ,

# अबको सुन्दरहरैँचा

- पूर्वाञ्चल विश्वविद्यालयलाई पूर्ण क्षमतामा सञ्चालन गर्नको लागि पहल गरिने र प्राविधिक विषयहरुमा स्थानीय विद्यार्थीहरुका लागि निश्चित प्रतिशतमा आरक्षणको व्यवस्थाका लागि पहल गरिने छ,
- कोशी प्रदेश सरकार, पूर्वाञ्चल विश्वविद्यालय र सुन्दरहरैँचा नगरपालिकाको साझेदारीमा खेलकुदग्राम निर्माण कार्यको सम्भाव्यता अध्यान शुरु भैसकेको  हुँदा यस नगरलाई कोशी प्रदेशको खेलकुद हबको रुपमा विकास गर्न आवश्यक कार्य गरिने छ,
- नगर अस्पतालको सेवालाई क्रमश विस्तार गर्दै सबै नागरिकको पहुच पुग्ने गरि कार्य सञ्चालन गरिने छ,
- स्थानीय स्वास्थ्यलाई थप प्रभावकारी बनाउन निजी क्षेत्रको लगानीलाई आकर्षण गर्ने वातावरण सिर्जना गरिने छ,
- शिक्षा र स्वास्थ्यको लागि पूर्वाधार लगायत स्थानीय वतावरण अनुकुल बनाउदै प्रमुख केन्द्रको रुपमा विकास गरिने छ,
- प्रज्ञा प्रतिष्ठान ऐन-२०८१ निर्माण भईसकेको हुदा सुन्दरहरैँचा प्रज्ञा प्रतिष्ठान गठन गरी सोहि प्रतिष्ठान मार्फत भाषा कला, साहित्य, संस्कृती संरक्षण प्रवर्दन गरी क्रमश व्यवसायीक वनाउदै लगिने छ,

# अबको सुन्दरहैँचा

- उच्च बसाईसराईको दर, विविधतायुक्त समाज, व्यवसाय मैत्री राजनितिक अभ्यास, बन्द मुक्त क्षेत्र जस्ताकुराले यस नगरलाई व्यवसायीक हव बनाउन सधै टेवा पुर्याउदै आएको छ। यसका लागी शान्ती शुरक्षा, आवश्यक पुर्वधारको विस्तार, व्यवस्थित वजारीकरणको प्रवन्ध गर्ने कार्य क्रमश गर्दै लगिनेछ,
- नीजि क्षेत्रको सहयोग र साझेदारीमा व्यवसायिक विकासका लागी थप पहल गरिने छ,
- स्रोतको उपर्युक्त व्यवस्थापन गरि स्थानीय सडक पूर्वाधार लगायत रिङ रोड समेतको कार्यलाई अगाडी बढाइने छ,
- यस नगरलाई व्यवस्थित आवासिय क्षेत्रको रुपमा विकास गरिने छ,
- फोहोरमैला व्यवस्थापनको लागि नगरपालिकाबाट गरिने खर्चलाई न्युनिकरण गर्दै PPP मोडलबाट फोहोरमैलाको वैज्ञानिक व्यवस्थपान आगामी महिनाबाट कार्य प्रारम्भ गरिने,
- सहकारीको सेवालाई भरपर्दो र व्यवस्थित बनाउने,
- पर्यटन र कला संस्कृतीको लागि पूर्वाधार र अनुकुल वातावारण बनाइने छ,
- कृषि र उधम विकाशकालागी आवश्यक पुर्वधार तथा बजार विस्तार र मुल्य स्थिरताका लागी आवश्यक कार्य गरीने छ,
- माटोको उर्भरा शक्तीलाई सुरक्षीत गर्दै अर्गानिक उत्पादनमा जोड दिने,
- अण्डा, माछा, मासु र तरकारीमा आत्मनिर्भर बनाउदै बजार क्षेत्रको विकासको लागि निजि क्षेत्रसँग सहकार्य गरिने छ।

# धन्यवाद

